# भेटनरी चौमासिकमा लेख रचना पठाउनको लागि आव्हान

नेपाल भेटेरिनरी एशोसिएसनको मुखपत्र **भेटनरी चौमासिक** प्रकाशन हुन गई रहेको व्यहोरा सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा जानकारी गराउदै उक्त भेटनरी चौमासिकको लागि तल उल्लेखित शिर्षकहरुमा लेख रचनाहरु २०८१ जेठ १२ गतेसम्ममा पठाउन हुन अनुरोध छ ।

१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति नियममा आधारित लेख रचनाहरु
२) शोधपत्रमा आधारित लेख रचनाहरु
३) पशु स्वास्थ्य र पशु व्यवस्थापन सम्बन्धि लेख रचनाहरु (गाई पालन, भैंसी पालन, कुखुरा पालन, वंगुर पालन आदि ।)
४) क्लिनीकल केशमा आधारित लेख रचनाहरु
५) स्थिति विश्लेषण गरिएका लेख रचनाहरु
६) Pet Animal को व्यवस्थापन, स्वास्थ्य सम्बन्धि लेख रचनाहरु
७) राष्ट्रिय नीति नियमसंग सम्बन्धित लेख रचनाहरु
८) पशु बजार विश्लेषण सम्बन्धि लेख रचनाहरु
९) पशु मूल्य श्रृङ्खला सम्बन्धि गरिएका अध्ययन अनुसन्धानमा आधारित लेख रचनाहरु
१०) सन्दर्भ सामग्री, पुनरावलोकनमा आधारित लेख रचनाहरु
११) चाखलाग्दो र सन्देश मूलक तस्विरहरु
१२ ) सन्देशमूलक पशुपालन क्षेत्रसंग सम्बन्धित कार्टुनहरु

**कुनै पनि लेख रचनाहरु पठाउँदा खेरि निम्नानुसारका कुराहरुलाई ध्यान दिई पठाउन हुन अनुरोध छ ।**

१) हालसम्म प्रकाशन नभएका लेख रचनाहरु मात्र पठाउनु होला ।
२) लेख रचनाहरु M. S. Word Document को रुपमा पठाउनु होला ।
३) Font को हकमा Unicode Romanized, Kalimati को Size १२ मा type गरी पठाइ दिनु होला ।
४) लेख रचनाको शुरुमा शिर्षक त्यसपछि लेखकको नाम र त्यसपछि लेख रचना लेखिदिनु होला ।
५) लेखको अन्त्यमा कुनै सन्दर्भ सामग्रीको प्रयोग भएको छ भने सो को विवरण पनि खुलाई दिनु होला ।
६) सन्दर्भ सामग्रीको विवरण खुलाउँदा लेखकको नाम, प्रकाशित भएको वर्ष, लेखको शिर्षक र प्रकाशन भएको सन्दर्भ सामग्रीको नाम समेत खुलाई दिनु होला ।
७) लेख रचनाको अन्त्यमा लेखकले आफ्नो पहिचान, योग्यता, अध्ययन, अनुसन्धान एवं क्षमता झल्किने गरि वढीमा पाँच हरफमा लेखिदिनु होला साथै अहिलेको इ–मेल address र सम्पर्क गर्न सकिने फोन नं. समेत उल्लेख गरिदिनु होला। यो विवरण आवश्यकता अनुसार भेटेरिनरी चौमासिकमा मिलेसम्म प्रकाशित गरिने छ ।
८) लेखकको हाल सालैको एक प्रति फोटो छुट्टै फाइलमा attach गरेर पठाइ दिनु हुन पनि अनुरोध छ । त्यस्ता फोटोहरु मिलेसम्म प्रकाशित गरिने छ ।
९) लेख रचना पठाउँदा कुनै अप्ठ्यारो परेमा सो बारे बुझ्नको लागि नेपाल भेटेरिनरी एशोसिएसनको तल उल्लेख गरिएको फोन नं. अथवा ई–मेलमा सम्पर्क गर्न सक्नु हुनेछ ।

**फोन नं.:०१–५३५७४९६**

**इ–मेल:** editor@nva.org.np वा nveta2024@gmail.com.np

१०) लेख रचना पठाउने अन्तिम म्याद जेठ १२ .सम्म, त्यस पछाडि आउने लेख रचनाहरु सो अंकमा शमावेश नहुने तर अर्को अंकको लागि सुरक्षित राखिने छ।

प्रकाशित चौमासिकको प्रति नेपाल भेटेरिनरी एशोसिएसनको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ। सो को Electronic प्रति चाहिएमा एशोसिएसनको इमेलमा पत्र लेखेर अनुरोध गर्न सक्नु हुनेछ।

**पुनश्चः नेपाल भेटेरिनरी एशोसिएसनका सम्पूर्ण आदरणिय सदस्य महानुभावहरुले सो अङ्कको लागि विज्ञापन (सूचना सामग्री) जुटाई सहयोग गरि दिनुहुन समेत अनुरोध छ।**

**धन्यवाद**

प्रधान सम्पादक

नेपाल भेटेरिनरी एशोसिएसन